# खाँडाचक्र नगरपालिकाको
# करार कर्मचारी सम्बन्धी ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले प्रदान गरेको अधिकार अनुरुप प्रशासकिय सङ्गठन र कर्मचारी दरबन्दी संवन्धि यस नगरपालिकामा आवाश्यक कर्मचारी करार सम्झौताका आधारमा करार कर्मचारी सेवा करारमा लिने र उक्त कार्यलाई नियमित, व्यवस्थित गर्नकालगि नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम खाँडाचक्र नगरसभाले यो ऐन जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम 'खाँडाचक्र नगरपालिका करार कर्मचारी सम्बन्धी ऐन, २०७८' रहेकोछ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) 'प्रमुख' भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ख) 'ऐन' भन्नाले खाँडाचक्र नगरपालिका करार कर्मचारी सम्बन्धी कार्यविधि ऐन, २०७८ सम्झनु पर्दछ ।

(ग) 'कार्यपालिका' भन्नाले खाँडाचक्र नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) 'नगरपालिका' भन्नाले खाँडाचक्र नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) 'सभा' भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(च) 'प्रमुख' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) 'उप–प्रमुख' भन्नाले नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) 'कार्यालय' भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ञ) 'करार कर्मचारी' भन्नाले यस ऐन अन्तरगत करार गरी करारिय सेवामा रही सेवा उपलब्ध गराउने कर्मचारी सम्झनु पर्दछ ।

(ट) 'समिति' भन्नाले दफा ५ बमोजिम गठित अन्तवार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ ।

**३. सङ्गठन संरचना कायम गर्नु पर्ने :**

(१) नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ ।

**४. करारमा कर्मचारी नियुक्त गर्न सक्ने :**

(१) प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च

व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(४) नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।

(६) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम तयार गरेको संठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

(८) यस दफामा जेसुकै लेखिएको भएता पनी स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन ।

५. **छनौट सम्बन्धी व्यवस्था** :

(१) दफा ४ बमोजिम कार्यलयले करार कर्मचारी करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) करार कर्मचारी माग, पद संख्या, अंक प्राप्त, अंक भार संवन्धि ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

६. **अन्तर्वार्ता र सूचिकरण समिति** :

(१) माग पद संख्याका आधारमा उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई

सूचिकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सूचिकरण समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी – सदस्य

(ग) नगरपालिकाको विषयगत शाखा प्रमुख – सदस्य

७. **सूचिकरणको विवरण प्रकाशन गर्ने** : सूचिकरणको विवरण प्रकाशन गर्ने प्रकृया, मापदण्ड तोकिएबमोजिम हुनेछ ।

८. **करार, कार्य शर्त, पारिश्रमिक सेवा अवधि** :

(१) प्रकृया बमोजिम सेवामा अनुमती पाउने ब्याक्ति संग करार गरी कार्य सर्त, पारिश्रमिक, सेवा अवधी, करार समाप्ती आवाश्यक सम्पूर्ण कुरा खुलाई करार गर्नु पर्नेछ ।

(२) करार, कार्य शर्त, पारिश्रमिक सेवा अवधि, करार समाप्ति र सुनुवाईको अवसर संवन्धि ब्यवस्था तोकिएबमोजिम हुनेछ ।

९. **पुरस्कार तथा प्रोत्साहन** : करारमा नियुक्त कर्मचारिले जिम्मेवारी पालनको सिलसिलामा प्रशंसनीय कार्य गरेमा त्यस्तो कर्मचारिलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्यसुविधा उपलब्ध गराउन सकिनेछ ।

१०. **दशैं खर्च पाउने** : करारमा नियुक्त कर्मचारिले सेवा करारमा उल्लेख भए बमोजिमको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

११. **थप व्यवस्था** : करार कर्मचारिको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐन, ऐन अन्तरगत वनेका नियमावली, कार्यविधी र गरिएको करारमा व्यवस्थाभएकोमा यसै बमोजिम हुनेछ, थप ब्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

१२. **ऐन संशोधन** : यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ ।

१३. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनेअधिकार** : यस ऐनको कार्यान्वयन गर्नकोलागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधिर आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

१४. **बचाउ** : करार कर्मचारी सम्बन्धी यस अघि भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत